
# महिला  विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW)



# नेपालको सातौं आवधिक प्रतिवेदनमा प्रदान गरिएका निष्कर्षात्मक टिप्पणी तथा सुझावहरु

फेब्रुअरी २०२५

**महिला विरुद्धको भेदभाव उन्लमून समितिबाट**

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि

## महिला विरुद्धको भेदभाव उन्मूलन समितिबाट

## नेपालको सातौं आवधिक प्रतिवेदनमा प्रदान गरिएका निस्कर्षात्मक टिप्पणी तथा सुझावहरु

## फेब्रुवरी, २०२५

१ २२ र २३ फेब्रुवरी २०२५ मा बसेको २१२२ र २१२३ (CEDAW/C/SR 2122 . 2123) को बैठकमा समितिले नेपालको सातौँ आवधिक प्रतिवेदनमा छलफल गरेको छ । समितिको सवालहरुको सूची र प्रश्नहरु CEDAW/C/NPL/Q/7 मा समावेश गरिएको छ भने नेपालका प्रतिकियाहरु CEDAW/C/NPL/Q/7 समावेश छन् ।

**क) परिचय**

समितिले आफ्नो सातौं आवधिक प्रतिवेदन राज्य पक्षले पेश गरेकोमा प्रशंसा गरेको छ । यसले समितिको अघिल्लो निस्कर्षात्मक टिप्पणी CEDAW/C/NPL/CO/6) मा राज्य पक्षको अनुगमन प्रतिवेदन र पूर्वसत्रमा समूहले उठाएका मुद्दा र प्रश्नहरूको सूचीको लिखित जवाफको पनि प्रशंसा गर्दछ । राज्य पक्षका प्रतिनिधिमण्डलको मौखिक प्रस्तुति र छलफलका क्रममा समितिले मौखिक रूपमा सोधेका प्रश्नहरूको जवाफमा प्रदान गरिएको थप स्पष्टीकरणलाई पनि यसले स्वागत गर्दछ ।

३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री नवलकिशोर साह सुडीको नेतृत्वमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय लगायतका प्रतिनिधिहरू सम्मिलित भएको उच्चस्तरीय प्रतिनिधिमण्डलमा समितिले प्रदेश पार्टीको प्रशंसा गरेको छ । संयुक्त राष्ट्र संघ कार्यालय र जेनेभामा रहेका अन्तराष्ट्रिय संस्थाहरुमा रहेका गणतन्त्र नेपालका उच्च स्थायी नियोगका अन्य प्रतिनिधिहरुको समिती उच्च प्रशंसा प्रशंसा गरेको छ ।

**ख) सकारात्मक पक्षहरु**

**४. समितिले सन् २०१८ मा पक्ष राष्ट्रहरुद्धारा पठाइएको छैठौं** (CEDAW/C/NPL/6) प्रतिवेदनमा उल्लेखित कार्यक्रमहरुमा ल्याएको सुधारहरु तथा त्यसबाट हासिल भएका प्रगतिको बुँदागत रुपमा स्वागत गर्दछ ।

**(क) मधेस प्रदेश सरकारको बालिकाको संरक्षण र सशक्तीकरण ऐन २०८१,**

**(ख) सन् २०२३ मा नेपाली महिलाका बालबालिका र अपरिचित बाबुले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने गरी नेपाल नागरिकता ऐन २०७९ को संशोधन;**

**(ग) मानव अधिकारकर्मीहरुको सुरक्षा र संरक्षणसम्बन्धी आदेश, २०७७**

**(घ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५,**

**५. समितिले महिला विरुद्धको भेदभाव उन्मूलन र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने उद्देश्यले आफ्नो संस्थागत र नीतिगत ढाँचामा सुधार गर्न राज्यको प्रयासलाई स्वागत गर्दछ, जस्तैः**

**(क) राष्ट्रिय लैङ्गिक समानता नीति लागू गर्ने राष्ट्रिय योजना, २०७७,**

**(ख) घरेलु श्रमिकहरुको औपचारिकीकरण गर्ने लक्ष्य राखेर २०२३-२०२५ को लागि औपचारिकतासम्बन्धी राष्ट्रिय कार्य योजना २०२३,**

**(ग) राष्ट्रिय लैङ्गिक समानता नीति, २,०७७**

**(घ) विभेदपूर्ण लिङ्ग छनौटको अन्त्यका लाीग राष्ट्रिय रणनीति, २०७८ देखि २०८८**

**(ङ) सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्य सम्बन्धी २०३० सम्मको रोडम्याप, २०२१**

**(च) जेरियाट्रिक स्वास्थ्य सेवा रणनीति, २०७८,**

**(छ) एकीकृत कानूनी सहायता नीति, २०७६;**

**(ज) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्य योजना, २०१८;**

**(ज) विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय नीति, २०७५,**

**ग) दिगो विकासका लक्ष्यहरु**

६. समितिले दिगो विकास लक्ष्यहरूका लागि अन्तर्राष्ट्रिय समर्थनलाई स्वागत गर्दछ र दिगो विकासको लागि २०३० एजेन्डा कार्यान्वयन गर्ने प्रक्रियामा, महासन्धिको प्रावधानहरू बमोजिम, कानूनी (कानूनी) र वास्तविक (मूल) लैङ्गिक समानताको कार्यान्वयनको लागि आह्वान गर्दछ । समितिले लक्ष्य ५ को महत्व र सबै १७ लक्ष्यहरूमा समानता र गैर-भेदभावका सिद्धान्तहरूको मूलप्रवाहीकरणलाई स्मरण गर्दछ । यसले समिती पक्ष राष्ट्रलाई दिगो विकासको मुख्य केन्द्रविन्दुको  रूपमा महिलालाई मान्यता दिन र त्यसका लागि सान्दर्भिक नीति र रणनीतिहरू अवलम्बन गर्न राज्य पक्षलाई आग्रह गर्दछ ।

**घ) संसद**

७. समितिले महासन्धिको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न विधायिकाको मुख्य भूमिकालाई जोड दिन्छ (हेर्नुहोस् A/६५/३८, भाग दुई, एनेक्स VI)। यसले संघीय संसदलाई आफ्नो कार्यादेश बमोजिम हालसम्मका निष्कर्षात्मक सुझाव अवलोकन तथा महासन्धि अन्तर्गतको आगामी आवधिक प्रतिवेदन पेश गर्ने, कार्यान्वयन गर्ने र अर्को आवधिक प्रतिवेदन प्रस्तुत गर्नका लागि आवश्यक तयारीहरु गर्न आग्रह गर्दछ ।

**ङ) निष्कर्शात्मक सुझावका प्रमुख क्षेत्रहरू**

.

**महासन्धिको दृश्यता, त्यसमा ऐच्छिक आलेख र समितिका सामान्य सिफारिसहरू**

८. समिती पक्ष राष्ट्रबाट महासन्धिलाई उल्लेख गरिएको सर्वोच्च अदालतका १२१ निर्णय, आदेश र निर्देशनहरूमा समितिले प्रशंसाका साथ टिप्पणी गर्छ । यद्यपि, महिलाहरू विशेषगरी ग्रामीण, आदिवासी जनजाति, दलित र अपाङ्गता भएका महिलाहरू महासन्धिमा व्यवस्था भएका आफ्ना अधिकारहरू र ती अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा उपलब्ध उपायहरु त्था सहयोगी संयन्त्रहरुको बारेमा जानकारी नभएकोमा समिती सरोकार व्यक्त गर्दछ साथै समिति र अन्य मानवअधिकार संयन्त्रले गरेका सिफारिसहरू कार्यान्वयन गर्ने बृहत् संयन्त्रको अभावमा पनि चिन्ता व्यक्त गर्दछ ।

**९. समितिले पक्ष राष्ट्रलाई निम्न सिफारिस गर्दछः**

(क) महासन्धि अन्तर्गतका महिलाका अधिकारहरू र ती अधिकारहरूको उल्लङ्घनको दाबी गर्नका लागि उनीहरूलाई उपलब्ध कानुनी उपायहरूबारे सचेतना जगाउने र महासन्धि, ऐच्छिक आलेख र समितिका सामान्य सिफारिसहरू सबै महिलाहरूलाई पहुँचयोग्य ढाँचामा उपलब्ध छ भनी सुनिश्चित गर्न;

(ख) महासन्धि, ऐच्छिक आलेख समितिका सामान्य सिफारिसहरुलाई नागरिक समाजसँगको सहकार्य, आईसीटीको प्रयोग र मिडियासँगको सहकार्यमा व्यापक रूपमा सचेतनाका अभियान सञ्चालन गर्न,

(ग) यस्तो संयन्त्रको संलग्नता, समन्वय, परामर्श र सूचना व्यवस्थापनका चार प्रमुख क्षेत्रहरुलाई ध्यानमा राखी प्रतिवेदन, कार्यान्वयन र अनुगमनका लागि राष्ट्रिय संयन्त्र स्थापना गर्न र महिला अधिकार र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न र नागरिक समाजका संस्थाहरुसंग यस वारेमा परामर्श लिएको सुनिश्चित गर्न,

**संवैधानिक र विधायिकाको ढाँचा**

१०. पक्षराष्ट्रले महिला विशेषगरी ग्रामीण, जेष्ठ नागरिक महिला, आदिवासी, दलित, अपाङ्गता भएका, समलिंगी, एकल महिला, अन्तरलिङ्गी, धार्मिक अल्पसंख्यक, मधेशी, शरणार्थी र प्रवासी महिला लगायत विभिन्न प्रकारको विभेदको सामना गरिरहेका तथा पछाडि पारिएका सीमान्तकृत समूहहरूलाई संरक्षण गर्न विस्तृत भेदभाव विरोधी कानुनको अभावमा समिति सरोकार व्यक्त गर्दछ । साथै विशेष अवसर विधेयक पारित गर्नमा भएको लामो ढिलाइप्रति पनि समिती चासो व्यक्त गर्दछ ।

**११.समितिले आफ्नो अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/1, para.9) दोहोर्‍याउँछ र राज्य पक्षलाई सिफारिस गर्दछः**

(क) विशेष अवसर विधेयक जति सक्दो छिटो पारित गर्न जसले सार्वजनिक र निजी क्षेत्रहरूमा विभिन्न स्वरुपमा प्रत्यक्ष र अप्रत्यक्ष भएका विभेदहरु अन्त्यको सुनिश्चित गर्नुका साथै महासन्धिको धारा १ र २ अनुसार, समितिको सामान्य सिफारिस नम्बर २८ (२०१०), महासन्धिको धारा २ अन्तर्गत पक्ष राष्ट्रहरूको मुख्य दायित्वहरू, र दिगो विकास लक्ष्यहरूको लक्ष्य ५.१ सबै महिला र बालिका विरुद्ध हुने सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने;

ख) महिला विरुद्ध उमेर, राष्ट्रियता, जातीय, अपाङ्गता र सामाजिक आर्थिक स्थितिका आधारमा भएका विभेदसम्बन्धी बृहत तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन प्रणालीको स्थापना गर्न ।

**न्यायमा पहुँच**

१२. समितिले संस्थागत सुधार परियोजना मार्फत एकीकृत कानूनी सहायता नीति र न्यायमा पहुँच अभिवृद्धि कार्यान्वयन गर्न राज्य पक्षको प्रयासका साथै न्यायमा पहुँच अभिवृद्धिका लागि १७५ दलित डेस्कको स्थापना गरेको पहललाई नोट गर्दछ । यद्यपि, यसमा निम्न सरोकार व्यक्त गर्दछः

(क) महिलाहरु विशेष गरी दलित, अपाङ्गता भएका,, आदिवासी, यौनकर्मी लगायतका पछाडि पारिएका सीमान्तकृत समूहका महिला र बालिकाहरूको न्यायमा सहज पहुँचका लागि समाजमा गहिरो रुपमा जरा गाडेर बसेको हानिकारक परम्परागत अभ्यास, लैङ्गिक पूर्वाग्रही सोच, महिलाले भोग्नुपर्ने लाञ्छना, प्रतिशोधको डर, सीमित कानुनी साक्षरता, र कानुनी लागतहरू लगायतका कारणहरु बाधाको रुपमा रहेकोमा चासो व्यक्त गर्दछ,

(ख) महासन्धि र सम्बन्धित राष्ट्रिय कानूनमा लैङ्गिक-उत्तरदायी कानूनी सहायता प्रणालीको अभाव र न्यायपालिका र कानून कार्यान्व्यन गर्ने अधिकारीहरूको क्षमता विकास कार्यक्रमको अभाव रहेकोमा चासो व्यक्त गर्दछ ।
१३. न्यायमा महिलाको पहुँचसम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर ३३ (२०१५) लाई स्मरण गराउँदै समितिले पक्ष राष्ट्रलाई सिफारिस गर्दछ:
(क) महिलाहरू विशेष ग्रामीण महिला र पछाडि पारिएका सीमान्तकृत समूहका महिलाहरूका लागि कम शुल्क वा आवश्यक भएमा नि:शुल्क कानुनी सहायतामा पहुँच सुनिश्चित गर्न,
(ख) महिला र बालिकाहरु, विशेष गरी पछाडि पारिएका समूहका महिलाहरूमा, महासन्धि अन्तर्गतका आफ्ना अधिकारहरू र ती अधिकारहरू दाबी गर्न उपलब्ध उपचारहरू बारे जागरूकता बढाउने, नागरिक समाज संस्थाहरूसँगको समन्वय सहकार्यमा विशेष गरी आदिवासी महिला र अपाङ्गता भएका महिलाहरूको लागि आदिवासी भाषाहरूको व्यवस्था, वासको व्यवस्था गर्ने लगायत न्यायम पहुँचमा बाधा पुऱ्याउने वा सीमित गर्ने अवरोधहरूलाई सम्बोधन गर्न, , प्रक्रियागत समायोजन र समर्थित निर्णय प्रक्रियाको प्रावधानहरू सहित सहजीकरण गर्न,

(ग) न्यायपालिका र कानून कार्यान्वयन गर्ने प्रतिनिधिहरुलाई महिला मानव अधिकार र लैङ्गिक-संवेदनशील सेवा प्रवाह तथा अनुसन्धान विधिहरूको बारेमा तालिम प्रदान गर्न र न्यायिक प्रक्रियामा हुने लैङ्गिक पूर्वाग्रहलाई सम्बोधन गर्न र न्यायमा महिलाहरुको सहज पहुँचलाई सुधार गर्न तालिमको प्रभावको निरन्तर मूल्याङ्कन गर्न ।

**महिला शान्ति र सुरक्षा र संक्रमणकालीन न्याय संयन्त्रहरू**
१४. समितिले सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) र १८२० (२००८) को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना (२०२२-२०२५) अपनाएकोमा प्रशंसा गर्दछ, जसमा द्वन्द्व-संग सम्बन्धित यौन हिंसाका पीडित-प्रभावितहरुमा विशेष ध्यान केन्द्रित गरिएको छ । यसले २०२४ मा बेपत्ता पारिएका व्यक्तिको सोधपुछ, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (२०७१) संशोधन गर्ने विधेयक अपनाएकोमा पनि प्रशंसा गर्दछ, यद्यपि यसले निम्न सरोकारहरु व्यक्त गर्दछ ।

(क) संशोधित सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (२०७१) को धारा २(व)(२) अन्तर्गत "बलात्कार वा गम्भीर यौन हिंसा" को रूपमा परिभाषित "गम्भीर उल्लङ्घन" का दोषीहरूलाई ७५ प्रतिशतले सजाय घटाउने सम्भावना र बलात्कार र यौन हिंसाका अन्य स्वपहरूको उजुरी दर्ता गर्नको लागि हदम्यादको व्यवस्था,

(ख) २०१४ मा स्थापना भएदेखि नै सत्य निरूपण तथा मेलमिलाप आयोग (TRC) र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग (CIEDP) मा कुनै पनि अध्यक्ष र सदस्य नियुक्त गरिएको छैन, जसले गर्दा दुई संक्रमणकालीन न्यायले आफ्नो कार्यादेश पूरा गर्नबाट वञ्चित छन्,

(ग) विधवा, बेपत्ता पारिएका व्यक्तिहरूका परिवारका सदस्यहरू र बलात्कार र अन्य प्रकारका यौन हिंसाका पीडितहरू सहित सशस्त्र द्वन्द्वका पीडित महिला र बालिकाहरूका लागि क्षतिपूर्तिको अभाव;

(घ) महिला शान्ति र सुरक्षा एजेन्डासँग सम्बन्धित प्रक्रियाहरूमा महिलाको कम प्रतिनिधित्व;

(ङ) तालिम प्राप्त मानवीय स्रोत र वित्तीय स्रोतहरूको अभावका कारण दोस्रो राष्ट्रिय कार्ययोजनाको सीमित कार्यान्वयन ।

१५. द्वन्द्व रोकथाम, द्वन्द्व र द्वन्द्वोत्तर परिस्थितिहरूमा महिलाहरू सम्बन्धी समितीको सामान्य सिफारिस नम्बर ३० (२०१३) र यसको अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/६, अनुच्छेद २३) लाई सम्झँदै, समितिले राज्य पक्षलाई महिला शान्ति र सुरक्षा सम्बन्धी सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) को कार्यान्वयनको लागि दोस्रो राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सिफारिस गर्दछ । नागरिक समाज संगठनहरूका प्रतिनिधिहरूसँगको सहकार्यमा, सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) र त्यसपछिका प्रस्तावहरूमा प्रतिबिम्बित महिला शान्ति र सुरक्षा सम्बन्धी सुरक्षा परिषद्को एजेन्डाको पूर्ण स्पेक्ट्रमलाई ध्यानमा राख्दै, र यसले महिलाको जीवनका सबै क्षेत्रहरूमा महिला विरुद्ध हुने लैङ्गिक हिंसा र भेदभावलाई सम्बोधन गर्ने ठोस समानताको मोडेल समावेश गर्दछ, जसमा महिला विरुद्ध हुने भेदभावका अन्तरसम्बन्धित रूपहरू, र विशेष गरी:

(क) गम्भीर मानव अधिकार उल्लङ्घनको परिभाषा सम्बन्धी सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको धारा २(व)(२) लाई "यौन हिंसा" भन्दा पहिलेको "गम्भीर" शब्द हटाएर संशोधन गर्ने, र सशस्त्र द्वन्द्वको समयमा गरिएका अपराधहरू बलात्कार र अन्य प्रकारका यौन हिंसा सहितका घटनाको उजुरी दर्ता गर्नको लागि हदम्यादको व्यवस्था खारेज गर्न फौजदारी संहितामा संशोधन गर्न,

(ख) सत्य निरूपण तथा मेलमिलाप आयोग (TRC) र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अनुसन्धान आयोग (CIEDP) मा स्वतन्त्र, निष्पक्ष र दक्ष सदस्यहरू नियुक्त गर्न। पारदर्शी र विश्वसनीय प्रक्रिया सुनिश्चित गर्न र प्रभावित समुदायहरूको विविधता प्रतिबिम्बित गर्न विपन्न र सीमान्तकृत समूहका महिलाहरू सहित महिलाहरूको समान प्रतिनिधित्व सुनिश्चित गर्न,

(ग) संयुक्त राष्ट्र संघको आधारभूत सिद्धान्तहरू र उपचार र परिपूरणको अधिकार सम्बन्धी दिशानिर्देशहरू (भ्यान बोभेन/बासियोनी सिद्धान्तहरू) अनुरूप सशस्त्र द्वन्द्वका पीडित महिला र बालिकाहरुको लागि पूर्ण र प्रभावकारी परिपूरणमा पहुँच सुनिश्चित गर्न,

(घ) शान्ति र सुरक्षासँग सम्बन्धित सबै प्रक्रियाहरूमा विशेष गरी राष्ट्रिय कार्ययोजनाहरूको कार्यान्वयन र प्रभावको मूल्यांकनका सम्बन्धमा महिलाहरूको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित गर्न,

**महिला शसक्तिकरणका लागि राष्ट्रिय संयन्त्र**

१६. समितिले २०२३ मा राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयनको लागि राष्ट्रिय योजना अपनाएको र २०२१ मा राष्ट्रिय महिला आयोगमा आयुक्तहरूको नियुक्तिको प्रशंसा गरेका छ । यद्यपि, यसले निम्न सवालहरुमा चासो व्यक्त गरेको छ ,

(क) राष्ट्रिय लैङ्गिक समानता नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अवलम्बन गरिएका उपायहरू, लैङ्गिक-उत्तरदायी बजेटको प्रयोग र सबै सरकारी निकायहरुमा अन्रसम्बन्धित दृष्टिकोणको साथ लैङ्गिक अवधारणालाई मूल प्रवाह गर्ने सम्बन्धी जानकारीको अभाव;

(ख) राष्ट्रिय महिला आयोगसँग विशेष गरी दूरदराज र ग्रामीण क्षेत्रहरूबाट गुनासो लिन तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक स्रोतहरुको अभाव,

**१७. समितिले राज्य पक्षलाई सिफारिस गर्दछ किः**

(क) राष्ट्रिय लैंगिक समानता नीति र यसको राष्ट्रिय कार्य योजना कार्यान्वयन गर्नका लागि पर्याप्त मानव, प्राविधिक र वित्तीय स्रोतहरू व्यवस्था गर्न र तिनीहरूको प्रभावलाई नियमित रूपमा अनुगमन र मूल्याङ्कन गर्न,

(ख) राष्ट्रिय महिला आयोगको कार्यक्षेत्र थप सुदृढ गर्न, जसमा प्रदेशहरूमा कार्यालयहरू स्थापना गर्न, लैंगिक समानताको प्रवर्द्धन तथा लैंगिक उत्तरदायी बजेटिङको प्रभावकारी कार्यान्व्यनका लागि सबै सार्वजनिक नीति र रणनीतिहरू समन्वय गर्न पर्याप्त प्राविधिक रुपमा दक्ष मानवीय स्रोत र वित्तीय स्रोतहरू व्यवस्था गर्न, साथै राष्ट्रिय महिला आयोग र स्थानीय अधिकारीहरू, नागरिक समाज, विशेष गरी महिला अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरू बीचको सहकार्य बढाएर लैङ्गिक समानताको रूपरेखालाई सुदृढ पार्न,

(ग) सार्वजनिक समानता र भेदभावविरुद्धको नीतिहरूको परिभाषा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्दा महिलाहरूको विशेष गरी अपांगता, आदिवासी वा दलित, यौनिक तथा लैंगक अल्पसंख्यक र आप्रवासी श्रमिकहरुको विशेष अवस्थालाई लक्षित गरी विशेष आवश्यक्ताको आधारमा Intersectional दृष्टिकोण अपनाउन,

**राष्ट्रिय मानव अधिकार संस्था**

१८. नेपालको राष्ट्रिय मानव अधिकार आयोग (NHRCN) लाई २०२३ मा ग्लोबल अलायन्स अफ नेशनल ह्युमन राइट्स इन्स्टिच्युट्सद्वारा “A“ स्तरको मान्यता पुनः प्राप्त भएको प्रशंसा गरेको छ तथापि, समितिले चिन्ता व्यक्त गर्दै नोट गर्दछ कि राज्य पक्षले NHRCN बाट राज्यलाई प्रदान गरिएका सिफारिसहरूको कार्यान्वयनको अभाव रहेको,

१९. समितिले राज्य पक्षलाई सिफारिस गर्दछ कि ग्लोबल अलायन्स अफ नेशनल ह्युमन राइट्स इन्स्टिच्युट्सका सिफारिसहरू कार्यान्वयन गरोस् र नेपालको राष्ट्रिय मानव अधिकार आयोग (NHRCN) लाई यसको कार्यक्षेत्र प्रभावकारी, स्वतन्त्र र पेरिस सिद्धान्तहरूको पालना गर्दै कार्यान्वयन गर्नका लागि पर्याप्त मानव, प्राविधिक र वित्तीय स्रोतहरू प्रदान गरोस् । यसका साथै, समितिले राज्य पक्षलाई NHRCN का सिफारिसहरूको अनुगमन गर्न र यस विषयमा संयुक्त राष्ट्रसंघको मानव अधिकार उच्चायुक्तको कार्यालयबाट प्राविधिक सहायता प्राप्त गर्न सिफारिस गर्दछ ।

**अस्थायी विशेष उपायहरू**

२०.संविधानिक प्रावधानहरूमा महिलाहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा प्रणालीमा “विशेष अवसर“ का बारेमा उल्लेख भए तापनि, अस्थायी विशेष उपायहरू सम्बन्धि कुनै विशिष्ट कानूनी व्यवस्था अपनाइएको छैन, र यी “विशेष अवसरहरू“ को उपयोग केवल “सामाजिक र सांस्कृतिक रूपमा पछाडि पारिएका महिलाहरू“ सम्म सीमित गरिएको छ । यसमा समितले विशेष चिन्ता व्यक्त गरेको छ:

(क) आदिवासी महिला, अपाङ्गता भएका महिला, दलित महिला, धार्मिक अल्पसंख्यक महिला, आप्रवासी महिला र समलैंगिक, उभयलिंगी, ट्रान्सजेन्डर र अन्तरलिङ्गी महिला लगायत पछाडि पारिएका समूहका महिलाहरुको विशेष गरी राजनीतिक र सार्वजनिक जीवनमा निर्णय लिने स्तरहरूमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र अन्तरसम्बन्धित दृष्टिकोण लागू गर्न अस्थायी विशेष उपायहरू र पर्याप्त संयन्त्रहरूको अभाव रहेको,

(ख) महिला र पुरुषबीच वास्तविक समानता प्राप्त गर्न, विशेष गरी रोजगारी र राजनीतिक जीवनमा अस्थायी विशेष उपायहरूको प्रभावमा खण्डित तथ्याङ्कको अभाव रहेको,

२१. महासन्धिको धारा ४ (१) र अस्थायी विशेष उपायहरूमा समितिको सामान्य सिफारिस नम्बर २५ (२००४) सँग मिल्दोजुल्दो, समितिले आफ्नो अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/६, अनुच्छेद १७) दोहोऱ्याउँछ र राज्य पक्षलाई सिफारिस गर्दछ किः

(क) राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाहरूको लागि अस्थायी विशेष उपायहरू लागू गर्न निर्वाचन आचारसंहिता संशोधन गर्न, जस्तै निर्वाचित र नियुक्त निकायहरूमा महिला प्रतिनिधित्वको लागि समान कोटा, पहुँच र समर्थन कार्यक्रमहरू, र महिला उम्मेदवारहरूको प्रतिनिधित्वलाई बढाउन र पदोन्नतिको व्यवस्थाका लागि विशेष अवसर ऐनको मस्यौदाको यथाशिघ्र अनुमोदन तथा कार्यान्व्यन गर्न,

(ख) अस्थायी विशेष उपायहरू अपनाउँदा विशेष गरी आदिवासी, अपाङ्ग, दलित, धार्मिक अल्पसंख्यक, आप्रवासी र लेस्बियन, बाइसेक्सुअल, ट्रान्सजेन्डर र इन्टरसेक्स महिलाहरूले भोगिरहेका विभेदहरुलाई ध्यानमा राख्दै उनीहरुको विशेष आवश्यकताहरूलाई प्राथमिकतामा राख्ने र उपायहरूको अवलम्बन गरी सो को प्रभावकारिताको सम्बन्धमा नियमित रूपमा मूल्याङ्कन गर्न उपयुक्त संयन्त्रको व्यवस्था गर्न,

(ग) अस्थायी विशेष उपायहरूको प्रभावको सम्बन्धमा व्यवस्थित रूपमा तथ्याङ्क सङ्कलन गर्ने र त्यस्ता तथ्याङ्कलाई अर्को आवधिक प्रतिवेदनमा समावेश गर्न,

**लैङ्गिक पूर्वाग्रह**

**२२. समितिले चासोका साथ निम्न विषयमा टिप्पणी गर्छः**

(क) पितृसत्तात्मक दृष्टिकोण र लैङ्गिक पूर्वाग्रही सोच तथा व्यवहारहरुको निरन्तरताका कारण परिवार र समाजमा तथा मिडियामा महिला र पुरुषहरूको भूमिका र जिम्मेवारीहरू सम्बन्धमा महिलाहरूलाई मुख्यतया आमा र हेरचाहकर्ताको रूपमा प्रस्तुत गरेकोमा,

(ख) विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति (२०७८) अनुमोदन भइसकेको भएपनि समाजमा छोरालाई दिएको प्राथमिकताका साथै महिलाहरूलाई पुरुषको तुलनामा कमजोर बनाइएको र सामाजिक दबावका कारले लिंग पहिचान गरि गरिने गर्भपतन तुलनात्मक रूपमा उच्च संख्यामा रहेको र यसले निरन्तरता पाउँदै गएको प्रति समिती चासो व्यक्त गर्दछ,

(ग) विभेदपूर्ण लैङ्गिक रूढीवादी परम्परालाई सम्बोधन गर्न व्यापक रणनीतिको अभाव, र लैङ्गिक-सञ्चार माध्यमहरुमा संवेदनशील भाषाको प्रयोगको अभाव र सार्वजनिक क्षेत्रका अधिकारीहरूको विषयगत क्षमता अभिबृद्धिको अभाव रहेकोमा,

**२३. समितिले राज्य पक्षलाई सिफारिस गर्दछ किः**

(क) लिङ्ग-छनोट गरि गरिने गर्भपतनको अभ्यास नियन्त्रण गर्न विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति (२०७८) लागू गरी सो को प्रभावकारी कार्यान्व्यन गर्न, लिङ्ग-छनोट गरी गर्भपतन गराउन दबाबमा परेका

महिलाहरूका लागि हेल्पलाइनहरू सहित सेवाहरू स्थापना गर्न; घरेलु र बालबालिकाको हेरचाह सम्बन्धी जिम्मेवारीहरू, साथै जिम्मेवार पितृत्वको समान साझेदारीलाई प्रवर्द्धन गर्न जागरूकताका अभियानहरु र पितृत्व वा साझा अभिभावकीय बिदा सहित लक्षित उपायहरू लिनको लागि सिफारिस गर्दछ,

(ख) परिवार र समाजमा महिला र पुरुषहरूको भूमिका र जिम्मेवारीहरूको बारेमा भेदभावपूर्ण स्टिरियोटाइपहरू हटाउन समुदाय र धार्मिक नेताहरू, शिक्षकहरू, किशोर, किशोरी तथा युवा र महिला र पुरुषहरूलाई लक्षित गर्दै अनलाइन डोमेन सहितको व्यापक रणनीति विकास र कार्यान्वयन गर्न र गरिएका रणनीतिक प्रभावलाई व्यवस्थित रूपमा मापन गर्न लक्ष्य र सूचकहरूको विकास तथा सो को अवलम्बन गर्न सिफारिस गर्दछ,

(ग) लैङ्गिक स्टिरियोटाइपहरूलाई सम्बोधन गर्न सम्बन्धित सार्वजनिक अधिकारीहरू, साथै निजी क्षेत्रका प्रतिनिधिहरूलाई विषयगत क्षमतामा अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्न, सञ्चारकर्मीहरुलाई लैंगिक संवेदनशील समाचार लेखन तथा महिलाहरुको नेतृत्व तथा उनीहरुले गरेका राम्रा कामहरुलाई मिडिया मार्फत बाहिर ल्याउनका लागि क्षमता अभिबृद्धिका तालिमहरु सञ्चालन गर्न,

**हानिकारक अभ्यासहरू**

२४. समितिले छाउपडी (महिला र बालिकाहरुलाई महिनावारीको समयमा छुट्याउने), दाइजो, बोक्सीको आरोप, जातीय भेदभाव र बालविवाह जस्ता हानिकारक अभ्यासहरूलाई स्पष्ट रूपमा अपराधीकरण गरिए तापनि, धेरै समुदायहरूमा यही हानिकारक परम्परागत अभ्यासहरुको कारण महिला मानव अधिकारको उल्लङ्घन अझै पनि भइरहेको कुरामा चिन्ता व्यक्त गर्दछ,

२५. महिला विरुद्धको भेदभाव उन्मूलन समितिको संयुक्त सामान्य सिफारिस नम्बर ३१/बाल अधिकार समितिको हानिकारक अभ्यासहरू (२०१९) को सामान्य टिप्पणी नम्बर १८ र समितिको अघिल्लो सिफारिस ( CEDAW/C/NPL/CO/६, अनुच्छेद १९) लाई स्मरण गर्दै, समितिले राज्य पक्षलाई छाउपडी, बाल र/वा जबरजस्ती विवाह, जातीय भेदभाव, दाइजो, बहुविवाह, बोक्सीको आरोप लगायत हानिकारक अभ्यासहरूलाई निषेध गर्ने राष्ट्रिय कानूनलाई प्रभावकारी रूपमा लागू गर्न र ती अभ्यासहरूले महिला र बालिकाहरुले आफ्नो मानव अधिकारको उपभोगमा पार्ने नकारात्मक प्रभावको बारेमा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न र धर्म गुरुहरुको संलग्नतामा यस्ता प्रचलनविरुद्ध सचेतनामूलक कार्यक्रमहरूलाई सञ्चालन गर्न सिफारिस गर्दछ,

**महिला विरुद्धको लैङ्गिक हिंसा**

२६. समितिले राज्य पक्षमा घरेलु हिंसाको घटनाप्रति चिन्ता व्यक्त गर्दछ, र हिंसा भोगेका ७२ प्रतिशत महिलाले त्यस्तो हिंसालाई वैधानिक बनाउने भेदभावपूर्ण सामाजिक मान्यता र आफ्नो अधिकार, उपलब्ध उपचार र विशेष सेवाहरूको बारेमा जानकारी अभावका कारण कहिल्यै सहयोग खोजेका छैनन् भन्ने कुरामा पनि ध्यान केन्द्रित गर्दै चिन्ता व्यक्त गर्दछ,

(क) मनोवैज्ञानिक हिंसा, प्रविधिलाई प्रयोग गरि हुने हिंसा र जलवायुको प्रभावका कारणले हुने हिंसा लगायत महिला महिला विरुद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसाका स्वरूपहरुलाई अपराधीकरण गर्ने एकीकृत कानूनको अभावमा, महिला विशेष गरी ग्रामीण, जेष्ठ नागरिक, अपाङ्गता भएका, आदिवासी, धार्मिक, जातीय अल्पसंख्यक,

आप्रवासी, शरणार्थी महिला तथा बालिकाहरु तथा समलैंगिक, ट्रान्सजेन्डर र अन्तरलिङ्गी लगायत यौनकर्मी महिलाहरुले भेदभावको सामना गरिरहेका र यसरी लैङ्गिक हिंसाबाट प्रभावितहरुको संरक्षणको अभाव रहेकोमा,

(ख) महिला र बालिकाहरुले अनुभव गर्ने उच्च स्तरको प्रविधिका कारण हुने हिंसा, जस्तै सामाजिक सञ्जालमा नक्कली प्रोफाइल, नक्कली जानकारी, तस्बिर र भिडियोहरूको अनुपयुक्त हेरफेर, र साइबर बुलिङ र अनलाइन हिंसाका मुद्दाहरू दर्ता गर्ने संयन्त्रको अभावमा;

(ग) बलात्कारको रिपोर्ट गर्नको लागि हालको कानूनमा नाबालिगहरूको लागि वयस्कता प्राप्त गरेको क्रमशः दुई वर्ष वा तीन वर्ष निकै छोटो अवधि भएकोमा,

२७. लिङ्ग-आधारित महिला विरुद्धको हिंसामा यसको सामान्य सिफारिस नम्बर ३५ (२०१७) लाई सम्झँदै, सामान्य सिफारिस नम्बर १९ लाई अद्यावधिक गर्दै, समितिले राज्य पक्षलाई सिफारिस गर्दछ कि:

२७. महिला विरुद्धको लैङ्गिक हिंसा सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर ३५ (२०१७) लाई सम्झँदै, सामान्य सिफारिस नम्बर १९ लाई अद्यावधिक गर्दै, समितिले राज्य पक्षलाई सिफारिस गर्दछ कि:

(क) महिला विशेष गरी ग्रामीण, जेष्ठ नागरिक, अपाङ्गता भएका, आदिवासी, धार्मिक र जातीय अल्पसंख्यक, प्रवासी, शरणार्थी महिला तथा बालिकाहरू, लगायत यौनकर्मीहरू, र समलैंगिक, ट्रान्सजेन्डर र अन्तरलिङ्गी महिलाहरू लगायतका पछाडि पारिएका सीमान्तकृत समुदायका महिलाहरुको विशेष सुरक्षाको आवश्यकतालाई ध्यानमा राख्दै महिला र बालिका विरुद्ध हुने मनोवैज्ञानिक हिंसा, प्रविधिको कारण हुने हिंसा र जलवायु-प्रेरित हिंसा लगायतका लैङ्गिक हिंसाका सबै स्वरूपहरूलाई विशेष रूपमा अपराधीकरण गर्ने सुनिश्चित गर्न व्यापक कानून अपनाउन,

(ख) कृत्रिम मिडिया, डीपफेक, डोक्सिङ्ग र लैंगिकतामा आधारित हिंसालाई सहज बनाउने अन्य नयाँ प्रविधिहरूलाई प्रयोग गरि भइरहेका साइबर आक्रमण, साइबर-बुल्लीङ्ग र साइबर-मानव तस्करी रोक्नका लागि राष्ट्रिय नियामक प्रक्रियाहरू र उचित सहयोगी संयन्त्रहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउन, सामाजिक सञ्जालहरुलाई प्रयोगकर्ताद्वारा पोष्ट भएका सामग्रीको लागि जवाफदेही बनाउन र अनलाइन हिंसा र उत्पीडनका अपराधीहरूलाई न्यायको कठघरामा ल्याउनका लागि संयुक्त राष्ट्रसंघको साइबर अपराधविरुद्धको संधि (२०२४) मा हस्ताक्षर गर्न,

(ग) लैङ्गिकतामा आधारित हिंसाका पीडित तथा प्रभावित विशेष गरी ग्रामीण महिला तथा बालिकाहरुको लागि विशेष सेवाहरूको उपलब्धता सहित त्यसको सहज पहुँचको अधिकार सुनिश्चित गर्न,

(घ) यौन हिंसाका घटनाहरू रिपोर्ट गर्नको लागि वैधानिक सीमा खारेज गर्न,

**महिला मानव तस्करी यौनकर्मीहरुको शोषण**

२८) समिति राज्य पक्षबाट २०२० मा ट्रान्सनेशनल अर्गनाइज्ड क्राइमविरुद्धको संयुक्त राष्ट्रसंघको सन्धि (पालेर्मो प्रोटोकल) सँग जोडिएको महिला र बालबालिकाको मानव तस्करीलाई रोकथाम, दमन र सजाय दिने प्रोटोकलको अनुमोदनलाई स्वागत गर्दछ । साथै मानव तस्करी र यातायात (नियन्त्रण) ऐन सहित प्रोटोकलको आधारमा राज्यद्वारा राष्ट्रिय कानूनको संशोधनको लागि समिक्षा भइरहेका भन्ने दिएको जानकारीलाई पनि ध्यानमा राख्छ, जसमा यद्यपि, समिति चासोका साथ निम्न कुराहरुमा सरोकार राख्दछ,

(अ) कानूनी परिभाषा अनुसार मानव तस्करीलाई यौन कार्यसँग सम्बन्धित गराइएको, जसले यौनकर्मीहरुको श्रमको अधिकारलाई महत्वपूर्ण रूपमा असर पुऱ्याउँछ,

(आ) उच्च अदालतको द्रुत प्रक्रिया निर्देशन (२०१३) को बाबजुद, जिल्ला अदालतहरूले ९० दिन भित्र मानव तस्करीका मामिला समाधान गर्न नसकिरहेको र मानव तस्करीका पीडितहरूलाई अदालतमा उपस्थित नभएमा जरिवाना लगाइनु,

(इ) राष्ट्रिय तस्करी नीति मस्यौदा र राष्ट्रिय कार्ययोजना मस्यौदा अझै नअपनाइनुमा,

(ई) महिला यौन श्रमिकहरुको सम्बन्धमा भएको भेदभावका साथै सुरक्षित कार्यस्थल सुनिश्चित गर्न नसकेकोमा र यौन कर्मबाट छाडेर वैकल्पिक रोजगारीको अवसर अपनाउन चाहने महिला तथा किशोरीहरुको सुरक्षित बैकल्पिक रोजगारीको अवसर सहितका कार्यक्रमहरु लागु नगरेकोमा,

२९) विश्वव्यापी आप्रवासनको सन्दर्भमा महिलाहरू र बालिकाहरुको मानव बेचविखन सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर ३८ (२०२०) लाई सम्झँदै, समिति राज्य सिफारिस गर्दछ कि:

(क) मानव तस्करी र यातायात (नियन्त्रण) ऐन र अन्य सम्बन्धित राष्ट्रिय कानूनलाई संशोधन गरी पालेर्मो प्रोटोकलसँग मेल खाने सबै प्रकारका मानव बेचविखनको अपराधलाई मान्यतामा ल्याउन र राज्यले सार्वभौमिक आवधिक समीक्षा चक्रको चौथो सन्दर्भमा गरेको प्रतिवद्धतासँग (A/HRC/४७/१०, पारा १५९.९८) मानव तस्करीको परिभाषालाई अन्तर्राष्ट्रिय कानूनी मापदण्डसँग मेल खाने बनाउन,

(ख) मानव बेचविखनका पीडित तथा प्रभावितहरूको छिटो पहिचान र उनीहरुलाई आवश्यक सेवाको लागि संप्रेषण गर्न standard operating procedure अपनाउन र अदालतले पीडितहरूलाई अदालतमा उपस्थित नभएमा जरिवाना लगाउने प्रावधान हटाउन,

(स) राष्ट्रिय मानव बेविाखन नीति मस्यौदा र राष्ट्रिय कार्ययोजना मस्यौदालाई द्रुत रुपमा अनुमोदन गर्न,

(द) यौनकार्यमा संलग्न महिलाहरूको शोषणको निगरानी र कानूनी सुरक्षा सुनिश्चित गर्ने समग्र नीति, कानूनी र नियामक ढांचा द्रुत रुपमा तयार गर्न र उनीहरुलाई यौन कार्यमा संलग्न हुँदा अपराधी सावित नगर्ने कुरा सुनिश्चित गर्न, यसमा महिला यौनकर्मीहरुको उत्पीडन र शोषणका लागि कानूनी अधिकारीहरूको अनुसन्धान, अभियोजन र सजाय पनि समावेश गर्न,

(इ) महिला र बालिकाहरुको शरीरलाई बनाइएको वस्तुवादीकरणलाई सम्बोधन गर्न र यौनकर्मीहरुको माग घटाउनका लागि पुरुष र महिलाहरुलाई लक्षित गर्दै शैक्षिक र जागरूकता अभियनहरू सुदृढ गर्न र यौन कर्मीहरुको अधिकारको सुरक्षा गर्न आवश्यक उपायहरू अपनाउन, उनीहरुलाई सुरक्षित कार्य स्थल, शिक्षा र सामाजिक सुरक्षामा पर्याप्त पहुँच, साथै सवैकल्पिक आय आर्जन गर्न चाहने यौनकर्मी महिलाहरुलाई बैकल्पिक रोजगारीको अवसरहरु सिर्जना गर्न ।

**राजनीतिक र सार्वजनिक क्षेत्रमा निर्णय गर्ने प्रणालिहरूमा समान र समावेशी सहभागिता**

३०) समितिले २०२२ मा महिलाहरूको मेयरको संख्या र गाउँ/नगरपालिकाहरूको अध्यक्षका रूपमा महिलाहरूको संख्यामा भएको वृद्धिलाई प्रशंसा गरेको छ। यद्यपि, यसले निम्न सरोकारहरु व्यक्त गर्दछः

(क) महिलाहरू संघीय संसदका ३३.४५ प्रतिशत सदस्य, कूटनीतिक सेवाका २३.२९ प्रतिशत सदस्य मात्र प्रतिनिधित्व गर्छन् र ३३ मध्ये ५ जना राजदूत मात्र महिलाहरूको नेतृत्व छ,

(ख) सार्वजनिक सेवामा र कम्पनीहरूको बोर्ड अफ डाइरेक्टरमा र प्रबन्धन वा मुख्य पदहरूमा महिलाहरूको कम प्रतिनिधित्व;

(ग) महिलाप्रति भेदभाव, उनीहरुको यौनिकता र महिला नेता र उम्मेदवारहरूको संरक्षण गर्ने उपायहरूको अभावका कारणले उनीहरूको समान सहभागितामा अवरोध पुर्‍याएकोमा,

३१) समितिले महिलाको राजनीतिक र सार्वजनिक जीवनमा निर्णय प्रक्रियामा समान र समावेशी प्रतिनिधित्वको बारेमा आफ्नो सामान्य सिफारिस नं २३ (१९९७) र सामान्य सिफारिस नं ४० (२०२४) सम्झन्छ र महिला निर्णयकर्ताको प्रतिनिधित्वको लक्ष्य ३० बाट ५० प्रतिशतमा पुर्‍याउन राज्य पक्षलाई निम्न सिफारिस गर्दछ र यसका लागिः

(क) समानता प्राप्तिमा देखिएका अवरोधहरूलाई दिगो रुपमा हटाउन र महिलाहरूको समान र समावेशी प्रतिनिधित्व सुनिश्चितताका लागि प्राथमिकताका साथ समावेशी रणनीति कार्यान्वयन गर्न र अस्थायी विशेष उपायहरू लागू गर्न, जस्तै पार्टीहरूको उम्मेदवारको सूचीमा महिला र पुरुषहरूको समान स्थानको लागि जिपर प्रणाली, महिला उम्मेदवारहरू लक्षित वित्तिय अभियानहरु सञ्चालन, महिला र पुरुषहरूको समान सहभागिता सुनिश्चित गर्नको लागि न्यायालय, सार्वजनिक सेवा, बैदेशिक सेवा, विश्वविद्यालय लगायतका सबै सरकारी स्तरहरूमा र अन्तर्राष्ट्रिय संगठनहरूमा बढी कोटा र निर्णय गर्ने तहमा थप कोटाको व्यवस्था;

(ख) महिला राजनीतिज्ञ र उम्मेदवारहरूको लागि वित्तिय अभियान र नेतृत्व विकासको अवसर प्रदान गर्न र महिला र पुरुषको समान प्रतिनिधित्वको महत्वका बारेमा पार्टि नेता, धार्मिक र समुदायका नेताहरू र सार्वजनिक रुपमा सचेतना जगाउने र दिगो विकास प्राप्त गर्नका लागि महिलाको पूर्ण, स्वतन्त्र र लोकतान्त्रिक सहभागिता आवश्यकता र राजनीतिक स्थिरताको बारेमा सचेतना जगाउन मिडिया संग सहकार्य गर्ने;

(ग) निजी क्षेत्रका प्रमुख पदहरूमा महिलाहरूको सहभागिता अभिबृद्धिका लागि प्रशिक्षण प्रदान गर्ने, प्रमुख नेतृत्व पदहरूमा महिलाहरूको समान प्रतिनिधित्वको महत्वका बारेमा सार्वजनिक र निजी सूचीबद्ध कम्पनीहरूमा महिला बोर्ड सदस्य र नेतृत्वमा महिलाहरूको संख्या बढाउन सचेतनाका अभियान तथा प्रोत्साहनहरू प्रदान गर्ने;

(घ) न्यायालय, सार्वजनिक सेवा र विदेश सेवामा, कूटनीतिक मिशनहरूमा महिलाहरूको प्राथमिक सहभागिता सुरु गर्ने र अन्तर्राष्ट्रिय संस्थाहरूमा आवेदन दिने महिलाहरूलाई समर्थन तथा सहयोग गर्ने,

**महिला मानव अधिकार रक्षकहरू**

३२) समितिले गृह मन्त्रालयको मानव अधिकार रक्षकहरुको सुरक्षा सम्बन्धी २०२१ मा जारी भएको आदेशको प्रशंसा गरेको छ । यद्यपि, समितीले महिला मानव अधिकार रक्षकहरूले, जो दुवै समुदाय र राष्ट्रिय स्तरमा, निजी र

सार्वजनिक क्षेत्रहरूमा, समुदायमा रहेर र डिजिटल मिडिया मार्फत समाजमा भएका विभेदका विरुद्धमा आफ्ना विचार, अभिव्यक्ति गर्ने तथा शान्तिपूर्ण सभा र संगठन खोल्ने अधिकारमा प्रतिबन्धहरूको सामना गर्दैछन्,

३३) समितिले राज्य पक्षलाई सिफारिस गर्दछः

(क) महिला मानव अधिकार रक्षकहरुले महिला माथि भएका विभेदका विरुद्ध वकालत तथा पैरवी गर्न अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्रयोग गर्न सक्ने कुरा सुनिश्चित गर्न साथै शान्तिपूर्ण रुपमा भेला र संगठित हुन सक्ने वातावरण सुनिश्चित गर्ने र समितीहरुसंग सम्लग्न हुने प्रयास गरेको आधारमा उनीहरुमाथि भइरहेको उत्पिडन, जथाभावि रुपमा लगाइएका प्रतिबन्धहरूबाट मुक्त रहने सक्ने वातावरण सुनिश्चित गर्न,

(ख) महिला मानव अधिकार रक्षकहरूविरुद्ध उत्पीडन, धम्की, प्रतिशोध, लैङ्गिकतामा आधारित हिंसा र भेदभावका सबै घटनाहरुको अनुसन्धान र अभियोजन गर्ने, साथै उनीहरूको व्यक्तिगत स्वतन्त्रता र सुरक्षा सुनिश्चित गर्न पीडितलाई उपचार र क्षतिपूर्ति प्रदान गर्ने ।

**नागरिकता**

३४) समितिले राज्य पक्षको प्रतिनिधिसभाले जनवरी २०२५ मा प्रस्तुत गरेको नागरिकता विधेयकको बारेमा प्रदान गरेको जानकारीलाई नोट गरेको छ । यद्यपि, यसलाई निम्न सरोकारहरु व्यक्त गर्दछ,

(क) संविधानका धारा ११(२), ११(५) र ११(७) ले तीन प्रकारका नेपाली आमाहरूलाई पहिचान गर्दछ, अज्ञात बुवाको स्वघोषणाको आवश्यक्ता तोकेको छ, साथै झूठा स्व-घोषणाको स्थितिमा दण्ड सहित सजायको प्रावधान राखेको छ जसले जन्मदेखि नै राज्य विहिन (नागरिकता नभएको) भएका आफ्ना बच्चाहरुलाई नागरिकता हस्तान्तरण गर्ने उनिहरुको क्षमतालाई सिमित राख्दछ र नेपाली बाबुले सन्तान र विदेशी पत्निलाई कुनै विशेष आवश्यकताहरू बिना नागरिकता प्रदान गर्न सक्ने अवस्था रहेकोमा महिलाहरुले भने विदेशी पतिहरूसँग नागरिकता स्थानान्तरण गर्ने सक्ने क्षमतालाई सीमित राखेको छ,

(ख) राष्ट्रिय परिचयपत्र र नागरिक रजिष्ट्रेशन ऐन (२०२०) र राष्ट्रिय परिचयपत्र र नागरिक रजिष्ट्रेशन नियमावली (२०२१) को स्वीकृतिका बाबजुद, आमाबाबुको अनुपस्थितिमा जन्मदर्ता प्रायः जारी हुँदैन, जसले सन्तानलाई राज्यविहिन हुने जोखिम बढाउँछ;

(ग) २०२१ को जनगणनाअनुसार ५ वर्ष मुनिका २६ प्रतिशत बालबालिकाहरूको जन्मदर्ता छैन र विशेष समूहहरू जस्तै यौन श्रमिकहरू, तिब्बती दीर्घकालीन आप्रवासी महिलाहरू, भुटानी शरणार्थी महिलाहरू र शरणार्थीहरूसँग विवाह गरेका नेपाली महिलाहरूको पहिचान कागजातहरूको पहुँच सीमित छ, जसले उनीहरूको सामाजिक बहिष्कारण र गरिबीको चक्रलाई निरन्तरता दिन्छ,

३५) समितिले महिला शरणार्थी, नागरिकता र राज्यविहिनता सम्बन्धि लैंगिक आयामहरुमा आफ्नो सामान्य सिफारिस नं ३२ (२०१४) र यसका अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/६, अनुच्छेद ३१) सम्झँदै, राज्य पक्षलाई निम्न सिफारिस गर्दछः

(क) नेपाली महिलाहरू र तिनीहरूको सन्तानको विरुद्धमा रहेका सबै प्रकारका भेदभावलाई सम्बोधन गर्ने सुनिश्चित गर्दै नागरिकता विधेयकको स्वीकृतिमा तीव्रता ल्याउन;

(ख) नेपाली महिलाहरूलाई पुरुषसरह समान आधारमा आफ्ना छोराछोरीलाई नागरिकता हस्तान्तरण गर्नबाट रोक लगाउने व्यवस्थाको अन्त्य गर्दै प्रत्येक अभिभावकको वंशजको आधारमा नागरिकता हस्तान्तरण गर्ने स्वतन्त्र अधिकारलाई मान्यता दिने गरी संविधानको धारा ११(५) र ११(७) खारेज गर्न,

(ग) राज्यविहीनताको जोखिम कम गर्नका लागि “बुबा र आमा“ को सट्टा “बुबा वा आमा“ द्वारा जन्म दर्ता गर्न अनुमति दिन संविधानको धारा ११(३) संशोधन गर्न,

(घ) नेपाली महिलाहरूलाई नेपाली पुरुषहरू सरह नै आफ्नो पति वा पत्नीलाई नागरिकता हस्तान्तरण गर्ने अधिकार सुनिश्चित गर्न संविधानको धारा ११(६) संशोधन गर्ने र पहिचान नभएका बाबु भएका आफ्ना बच्चाहरूलाई नागरिकता हस्तान्तरण गर्न नेपाली आमाहरूले गर्ने स्व-घोषणा र दण्डको आवश्यकता हटाउने;

(ङ) संविधान र राज्य पक्षको अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरू अनुरूप, राज्यविहीन महिला, शरणार्थी वा आप्रवासी महिला वा महिला यौनकर्मीका सन्तानहरु सहित, तिनीहरूका आमाबाबुको कानुनी स्थितिलाई ध्यान नदिई सबै बालबालिकाहरुको लागि विश्वव्यापी रुपमा जन्म दर्ता सुनिश्चित गर्न;

(च) राज्यविहीन व्यक्तिहरूको स्थिति सम्बन्धी १९५४ को महासन्धि र राज्यविहीनता न्यूनीकरण सम्बन्धी १९६१ को महासन्धिलाई अनुमोदन गर्न ।

**शिक्षा**

३६) विद्यालय पाठ्यक्रममा लैङ्गिक समानतालाई प्राथमिकता दिई मिति २०२२/२०२३ - २०३१/२०३२ को लागि दस वर्षीय विद्यालय शिक्षा योजना को स्वीकृत गरेकोमा प्रशंसा गरेको छ, यद्यपि, समिती निम्न सरोकारहरु राख्दछ,

(क) स्थानिय सरकारको संस्थागत क्षमता, अनिवार्य र निःशुल्क शिक्षा ऐन (२०१८) र विद्यालय शिक्षा क्षेत्रीय योजना कार्यान्वयनमा कमी;

(ख) मधेश प्रदेशमा विशेष गरी बालिकाहरुले बालविवाह, कम उमेरमा गर्भाधारण हुने, बालिकाहरुमाथि हुने लैंगिक विभेद लगायत विचमै विद्यालय छाड्ने तथा अपांगता र लैंगिक विभेदका कारणले शिक्षामा भएको विभेद,

ग) शिक्षामा अपांगता भएका बालिकाहरुमाथिको भेदभाव,

(घ) विद्यालयहरूमा रहेको महिनावारी सम्बन्धी निर्देशिकाको बाबजुत, विद्यार्थीहरूमा परिवार नियोजन, यौन व्यवहार र असुरक्षित यौन सम्पर्कका कारणले हुने योन रोगहरुको रोकथामको बारेमा जानकारीको अभाव;

३७) समितिले बालिका र महिलाहरूको शिक्षा अधिकारको बारेमा आफ्नो सामान्य सिफारिस नं ३६ (२०१७) सम्झँदै, राज्य पक्षलाई बालिकाहरुको शिक्षाको महत्वको बारेमा जागरूकता बढाउन र सिफारिस गर्दछः

(क) महिला र बालिकारुले सामना गरिरहेका भेदभावलाइ विशेष ध्यान दिँदै स्थानिय सरकारको संस्थागत क्षमता सुदृढ गर्ने र अनिवार्य र निःशुल्क शिक्षा ऐन (२०१८) र २०२२ - २०३२ का लागि विद्यालय शिक्षा क्षेत्रीय योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने,

(ख) बाल विवाह र कम उमेरमा हुने गर्भधारण सहित बालिकाहरुले विद्यालय छाड्ने कारणहरू सम्बोधन गर्ने तथा लिङ्ग र/वा अपांगताका आधारमा हुने भेदभावलाई सम्बोधन गर्दै युवा आमाहरूलाई बच्चा जन्माइसकेपछि वैकल्पिक शिक्षा प्रणाली र वैकल्पिक अध्ययन विधिहरूको बारेमा जानकारी प्रदान गर्ने जसले गर्दा उनीहरूले आफ्नो शिक्षा पूरा गर्न, डिप्लोमा प्राप्त गर्न र उच्च शिक्षा वा रोजगारी प्राप्त गर्न सक्ने वातावरण सुनिश्चित हुन सकोस्, सो को प्रभावको बारेमा आगामी आवधिक रिपोर्टमा जानकारी प्रदान गर्न,

(ग) महिला र अपांगता भएका महिला र बालिकाहरुको सुरक्षित र समावेशी शैक्षिक वातावरण प्रदान गर्न राष्ट्रिय एंटी-बुलिङ नीति अपनाउने, जसले भेदभाव, उत्पीडन र हिंसाबाट मुक्त हुनेछ; सबै महिला तथा अपांगता भएका महिला र बालिकाहरुलाई विद्यालयमा पहुँच तथा पढाइलाई निरन्तरता दिन सक्ने वातावरण निर्माण गर्दै गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित गर्न

(घ) महिनावारी सम्बन्धि निर्देशिकाको प्रभावकारी कार्यान्वयनलाई सुदृढ गर्ने र विद्यालय पाठ्यक्रममा समावेश गर्नेः (i) महिला मानव अधिकार र महिला तथा बालिकाहरू विरुद्ध हुने लैङ्गिक हिंसाको हानिकारक प्रभावहरू सहित लैङ्गिक समानतामा समावेशी र पहुँचयोग्य सामग्रीहरको विकास,

(ii) यौन व्यवहार र कम उमेरमा हुने गर्भधारण र असुरक्षित यौन सम्बन्धका कारण लाग्ने यौन रोगहरुको रोकथाममा विशेष ध्यान दिँदै, उमेर अनुसार यौन शिक्षा प्रदान गर्न,

(iii) मानव अधिकार र शान्ति शिक्षा;

(ङ) संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (UNESCO) द्वारा १९६० मा गरिएको शिक्षा क्षेत्रमा भेदभावका विरुद्धको सन्धि (Convention against Discrimination in Education) को अनुमोदन गर्न,

**रोजगारी**

३८) समितिले निम्न कुराहरुको सरोकार व्यक्त गरेको छः

(क) श्रम बजारमा रहेको vertical र horizontal विभाजन र महिलाहरूलाई निम्न वा कम तलबका काममा, अनौपचारिक अर्थतन्त्रमा बढी संलग्न गराइनु, जहाँ उनीहरू शोषण, व्यावसायिक सुरक्षा र जोखिमहरूमा सामना गर्दछन् र सामाजिक सुरक्षाबाट पनि उनीहरु बहिष्कृत छन्,

(ख) महिलाहरुमा सेवामूक कामको असमान भार, जसले उनीहरूको आर्थिक सहभागिता अवरोध पुर्‍याएको तथा बाबुहरूको पितृत्व बिदाको प्रयोगमा सीमितता;

(ग) नेपालले १९५१ को समान पारिश्रमिक सन्धि (No. १००) लाई अनुमोदन गरेको छ; यद्यपि समान कामको लागि समान पारिश्रमिकको सिद्धान्तको सीमित कार्यान्वयन र राज्य पक्षमा लैङ्गिक विभेदको आधारमा पारिश्रमिकमा ठूलो तलब अन्तर रहनु,

(घ) कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन (२०७१) केवल औपचारिक क्षेत्रमै लागू हुने र अनौपचारिक क्षेत्रलाई बहिष्कृत गर्ने, जहाँ महिलाहरू बढी संलग्न छन्, र प्रमुख जिल्ला अधिकारीहरूद्वारा यौन उत्पीडनका कुनै घटनाहरू दर्ता नगरिनु,

(ङ) अपांगता भएका महिलाहरू र अन्य वञ्चित समूहहरूको डिजिटल अर्थतन्त्रमा विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि विशेष उपायहरूको अभाव;

३९) २०३० सम्ममा सबै महिला र पुरुषका लागि पूर्ण र उत्पादक रोजगारी र मर्यादित काम र समाने कामको लागि समान ज्याला प्राप्त गर्ने सम्बन्धमा दिगो विकास लक्ष्यहरूको लक्ष्य ८.५ र समान मूल्यको कामको लागि समान ज्याला सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर १३ (१९८९) लाई सम्फन्छ र राज्य पक्षलाई सिफारिस गर्दछ,

(क) परम्परागत भूमिकाका आधारमा पुरुषहरु बढी संलग्न रहने पेशाहरू सहित, निर्णय लिने तथा बढी पारिश्रमिक भएका कामहरुमा महिलाहरूको पहुँचलाई अभिबृद्धि गर्ने र ती क्षेत्रहरूमा महिलाहरूलाई प्राथमिकताका साथ सहभागिताका लागि प्रोत्साहन प्रदान गर्न विशेष उपायहरु अपनाउन,

(ख) महिलाहरु बढी संलग्न रहेको बेतलबी सेवामूलक कामको कार्यभार पहिचान गर्न, घटाउन, पुनर्वितरण गर्न, तथा महिलाहरु संलग्न रहँदै आएका वृद्धवृद्धाहरू र बालबालिकाको हेरचाह लगायतका सेवामूलक कामहरुमा संलग्न महिला श्रमिकहरु र पारिवारिक व्यवसायमा कार्यरत महिलाहरूलाई उचित पारिश्रमिक र सामाजिक सुरक्षा योजनाहरूमा पहुँच सुनिश्चित गर्न,

(ग) समान कामको लागि समान पारिश्रमिकको सिद्धान्त लागू गर्ने र ती क्षेत्रहरूमा जहाँ महिलाहरू बढी संलग्न छन् नियमित रुपमा ज्यालाको समीक्षा गर्ने, लैङ्गिक-तटस्थ विश्लेषणात्मक काम वर्गीकरण र मूल्याङ्कन विधिहरू र नियमित तलब सर्वेक्षणहरू गरी लैङ्गिक रुपमा रहेको तलब अन्तरलाई कम गर्ने उपायहरू अपनाउने,

(घ) कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन (२०७१) लाई संशोधन गर्ने, यसको दायरा अनौपचारिक क्षेत्रसम्म विस्तार गर्ने र यौनजन्य दूर्व्यवहारबाट पीडित तथा प्रभावित महिलाहरू विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रहरुमा उनीहरूको गुनासोहरू प्रभावकारी रूपमा अनुसन्धान गरी प्रभावकारी कानुनी तथा न्यायिक उपायहरूमा पहुँच सुनिश्चित गर्ने, पीडित तथा प्रभावितलाई प्रतिशोधबाट बचाउने र अपराधीहरूको अभियोग र उचित सजाय सुनिश्चित गर्न, नियमित श्रम निरीक्षणहरू सञ्चालन गर्ने तथा ILO हिंसा र उत्पीडन सन्धि (No १९०) लाई अनुमोदन गर्ने

(ङ) महिलाहरू र अपांगता भएका बालिकाहरु सहित, डिजिटल अर्थतन्त्र जस्ता उदाउँदो क्षेत्रमा समान अवसरहरू सुनिश्चित गर्ने ।

**महिला आप्रवासी श्रमिकहरू**

४०) समितिले उल्लेख गरेको छ कि राज्य पक्ष आप्रवासी महिला र किशोरीहरुको लागि उत्पत्ति, ट्रान्जिट र गन्तव्य देश हो, जसले अन्तर्राष्ट्रिय रूपमा नेपालबाट आउने आप्रवासीहरूको ४३.८ प्रतिशत ओगटेका छन् । तसर्थ समितीले निम्न सरोकारहरु उल्लेख गर्दछः

(क) महिला आप्रवासी श्रमिकहरू, विशेष गरी घरेलु महिला आप्रवासी श्रमिकहरूको लागि, कामका शर्तहरू, उनीहरुले सामना गर्दै आएका शारीरिक, मानसिक र गालीगलौज तथा दुर्व्यवहारहरु, यौन जन्य दुर्व्यवहार र रोजगारदातावाट बढ्दो दण्डविहीनता सम्बन्धीका घटनाका प्रतिवेदनहरुमा चासो व्यक्त गर्दछ,

(ख) विदेशमा रोजगार प्राप्त गर्नका लागि विशेषगरी महिला घरेलु श्रमिकका लागि उमेरमा लगाइएको प्रतिबन्धको सम्बन्धमा,

(ग) महिला आप्रवासी श्रमिकहरूले बैदेशिक रोजगारीका लाीग प्राय उच्च शुल्क तिर्नुपरेको छ, जसका कारण उनीहरूलाई ऋण लिन बाध्य पार्छ, जसले ऋण बन्धक, बलात्कारी श्रम, शोषण र मानव तस्करीको जोखिमलाई बढाउँछ;

(घ) २०१९ मा आप्रवासी श्रमिकहरूको लागि कल सेन्टर स्थापना गरे पनि, प्रस्थान पूर्व प्रशिक्षण कार्यक्रमहरू सीमित छन्, जसले महिलाहरूलाई भेदभावपूर्ण अभ्यास र मानव बेचविखन तथा शोषणको जोखिमलाई बढाउँदछ,

(ङ) आप्रवासनबाट फर्किएका महिला श्रमिकहरूले सामना गरिरहेको लाञ्छना, कलंक आदिका कारणले उनीहरुको सामाजिक पुनःएकीकरणका लागि बाधा पुर्याउँछ साथै भविष्यमा रोजगारी सम्भावनाहरूलाई कमजोर बनाउँछ,

४१. समितिले काम गर्ने मौलिक अधिकार र पेशा स्वतन्त्र छनौटको सम्मान गर्ने आवश्यकता र दिगो विकास लक्ष्यको लक्ष्य ८.८ लाई सम्झँदै, आप्रवासी कामदारहरू सहित सबै कामदारहरूको लागि श्रम अधिकारको संरक्षण र सुरक्षित काम गर्ने वातावरणको प्रवर्द्धन गर्न, राज्य पक्षलाई सिफारिस गर्दछ,

(क) नेपाली महिला आप्रवासी कामदारहरू, जसमा महिला घरेलु कामदारहरू पनि समावेश छन्, गन्तव्य देशहरूसँग गरिएका सबै द्विपक्षीय सम्झौताहरूमा उनीहरूको मानव अधिकारको सबै उल्लङ्घनको अनुसन्धान र अभियोजन गर्न र पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्न प्रोटोकलहरू समावेश गरिएको सुनिश्चित गर्न,

(ख) विदेशमा घरेलु काम गर्न चाहने महिलाहरूको लागि उमेर प्रतिबन्ध हटाउनका लागि २०१५ को घरेलु श्रमिकहरूलाई विदेश पठाउने निर्देशनलाई संशोधन गर्ने र कामदारहरूको न्यूनतम उमेरलाई अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने गरी निर्धारण गर्न,

(ग) सरकारी निकायहरू, नागरिक समाज र ट्रेड युनियनहरू बीचको समन्व्य सहकार्यमा सुदृढीकरण गर्दै Recruit अभ्यासहरूको निरन्तर अनुगमन गर्ने लागत घटाउने र महिला आप्रवासी श्रमिकहरूको लागि सुरक्षित शर्तहरू सुनिश्चित गर्ने र उनीहरूको लागि उपलब्ध सेवाहरुको बारेमा जानकारी प्रदान गर्नुका साथै लैंगिकतासंग सम्बन्धित अवरोहरु हटाउन तथा सम्बोधन गर्न,

(घ) बेचबिखनको जोखिम बारे सचेतना अभियान सञ्चालन गर्न र आप्रवासी महिला तथा बालिकाहरूलाई निःशुल्क कानुनी सहायता, हटलाइन र प्रस्थान पूर्व जानकारीमा पहुँच प्रदान गर्न,

ङ) बैदेशिक रोजगारीबाट फर्केका महिला आप्रवासी कामदारहरूको पुनर्एकीकरणलाई सहज बनाउन लैङ्गिक-उत्तरदायी सहयोग प्रदान गर्न,

**स्वास्थ्य**

४२) समिति सरोकारका साथ निम्न टिप्पणी गर्दछ,

(क) राज्य पक्षमा, विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रहरूमा, गर्भावस्था र बच्चा जन्मिइसकेपछि स्वास्थ्य सेवाहरूमा महिलाहरूको सीमित पहुँच रहेको जसको कारण मातृ मृत्युदरको उच्च दर (२०२३ मा प्रति १००,००० जीवित जन्ममा १५१ मृत्यु) को उच्च जोखिम रहेकोमा सरोकार व्यक्त गर्दछ,

(ख) विशेष गरी ग्रामीण, आदिवासी, महिला अपाङ्गता भएका, यौनकर्मीहरू, र लेस्बियन, ट्रान्सजेंडर र अन्तरलिंगी महिलाहरूको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी उमेर अनुकूल शिक्षा, महिनावारी सरसफाई, गर्भनिरोधक तथा परिवार नियोजन सेवाहरू, महिलाको मानसिक स्वास्थ्य सेवाहरू, आत्महत्या रोकथाम र आपतकालीन चिकित्सा सेवामा सीमित पहुँच भएको प्रति चासो व्यक्त गर्दछ,

(ग) राज्य पक्षमा गर्भपतनको वैधता भए तापनि, सुरक्षित गर्भपतन सेवा पूर्ण रूपमा पहुँच योग्य छैन साथै गर्भपतन सेवाहरूको गुणस्तर, तालिमप्राप्त व्यक्तिको अभाव, पूर्वाधारको कमी, उपलब्ध सेवाबारे महिलाहरूको जानकारीको कमी र कलंकका कारण, जसले उच्च असुरक्षित गर्भपतनका घटनाहरू भइरेको प्रति चासो व्यक्त गर्दछ,

(घ) युवा महिलाहरू, आदिवासी महिलाहरू, अपाङ्गता भएका महिलाहरू, यौनकर्मीहरू, र लेस्बियन, ट्रान्सजेंडर र अन्तरलिंगी महिलाहरूको बिरूद्ध भेदभाव, दुर्व्यवहार र प्रसूति हिंसा सम्बन्धी रिपोर्टहरूको सम्बन्धमा सरोकार राख्दछ,

(ङ) एण्टीरेट्रोवाइरल उपचारको सीमित पहुँच र एचआईभी/एड्सबाट प्रभावित महिलाहरू र किशोरीहरुले भोग्नुपरेको सामाजिक कलंक र सामाजिक बहिष्करण प्रति चासो व्यक्त गर्दछ,

(च) विशेष गरी यौनिक तथा लैंगिक अल्पसंख्यक बालबालिकाहरु र अपाङ्गता भएका बालिकाहरुलाई अनावश्यक र अपरिवर्तनीय शल्यक्रिया र उपचार गरिएका घटना प्रति चासो व्यक्त गर्दछ,

४३) समिति यसको सामान्य सिफारिस नं. २४ (१९९९) महिला र स्वास्थ्य र दिगो विकास लक्ष्य ३.७ लाई स्मरण गराउँदै निम्न सिफारिस गर्दछ,

(क) उच्च मातृ मृत्युदर घटाउनका लागि महिलाहरूको नियमित गर्भावस्था जाँच, प्रसूति र बच्चा जन्मिइसकेपछि स्वास्थ्य सेवामा सहज पहुँचको सुनिश्चित गर्न, विशेष गरी ग्रामीण क्षेत्रहरूमा सुढेनी र अन्य सम्बन्धित स्वास्थ्य सेवा प्रदायकहरुलाई आवश्यक तालिम प्रदान गर्न,

(ख) महिलाहरू र बालिकाहरु, विशेष गरी ग्रामीण बालिकाहरु, अविवाहित र अपाङ्गता भएका महिलाहरू र बालिकाहरुलाई यौन र प्रजनन स्वास्थ्य सेवा, परिवार नियोजन, आधुनिक गर्भनिरोधकका उपायहरू र सुरक्षित गर्भपतन तथा गर्भपतन पछिको सेवाको बारेमा पर्याप्त जानकारी तथा सहज पहुँच सुनिश्चित गर्न

(ग) सबै महिलाहरू र बालिकाहरु, विशेष गरी जातीय अल्पसंख्यक र ग्रामीण महिलाहरू, अपाङ्गता भएका महिलाहरू, यौनकर्मीहरू र यौनिक तथा लैंगिक अल्पसंख्यक महिलाहरुले यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूको जानकारी पाउने वातावरण सुनिश्चित गर्न, आधुनिक र आपतकालीन गर्भनिरोधक र महिनावारी सरसफाई लगायत आत्महत्या रोकथामका कार्यक्रमहरु र मानसिक स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न,

(घ) गर्भवती महिलाहरूलाई प्रसवको समयमा सुरक्षा प्रदान गर्न कानुनी र नीतिगत उपायहरू अपनाउने, महिला तथा बालिकाहरू विरुद्ध हुने प्रसूति हिंसा र भेदभावलाई दण्डित गर्ने, चिकित्सा व्यवसायीहरूको क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई सुदृढ पार्नुका साथै स्वास्थ्य सेवा केन्द्रहरू र अस्पतालहरूमा महिला बिरामीहरूको उपचारको नियमित अनुगमन सुनिश्चित गर्न,

(ङ) एचआईभी/एड्सबाट प्रभावित सबै महिला  बालिकाहरुको लागि निःशुल्क एण्टीरेट्रोवाइरल उपचार उपलब्ध गराउन, गर्भवति आमाबाट सन्तानमा सर्नसक्ने यस्तो संक्रमण रोक्न गर्भवति महिलहरुलाई पनि यसमा समावेश गर्ने, र एचआईभी/एड्सबाट प्रभावित महिला तथा किशोरीहरुले भोग्नुपर्ने सामाजिक लाञ्छना, कलंक र सामाजिक बहिष्करणलाई सम्बोधन गर्न,

(च) अन्तरलिङ्गी बालबालिकाहरु र अपाङ्गता भएका बालिकाहरूको सुसुचित सहमती दिन उमेर नपुग्दै अनावश्यक चिकित्सा तथा शल्य क्रिया नियन्त्रण गर्न, अन्तरलिङ्गी बालबालिकाहरु, उनीहरूको स्वायत्तता र शारीरिक अखण्डतालाई कायम राख्न मानव अधिकारमा आधारित स्वास्थ्य-हेरचाह प्रोटोकलहरू अपनाई लागू गर्न साथै अन्तरलिङ्गी बालबालिका उनीहरूका परिवारहरूलाई निःशुल्क कानुनी सहायता, चिकित्सा र मनोसामाजिक सेवाहरूमा पहुँच सुनिश्चित गर्न,

**महिला आर्थिक सशक्तिकरण**

४४) समिति पक्ष राज्यलाई महिला पहिला कार्यक्रम (२०२२) र एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना ( २०८०) को राज्य पक्षले अनुसरण गरेकोमा प्रशंसा व्यक्त गर्दछ, जसले पछाडि पारिएका महिलाहरुको लागि सामाजिक सुरक्षा कार्यक्रमहरूको पहुँच बढाउन मद्दत पुर्‍याउँछ । तथापि, यो महिला गरिबीकरणको सम्बन्धमा चिन्ता प्रकट गर्दै निम्न सरोकारहरु व्यक्त गर्दछ,

(क) जग्गा र सम्पत्तिमा समान पहुँच सम्बन्धी कानूनी प्रावधानहरूको बाबजुद पनि कानून कार्यान्वयन कमजोर रहेका कारण महिलाहरू, विशेष गरी आदिवासी, दलित, मधेसी, अपाङ्गता भएका महिला तथा बालिकाहरु, लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिलाहरू, गरिबीमा बाँचिरहेका महिलाहरू, वेतलवी स्याहारमूलक काममा संलग्न महिलाहरूले आर्थिक तथा सामाजिक लाभ र आर्थिक अवसरहरूमा पहुँच गर्न प्रायः चुनौतीहरूको सामना गर्दै आएका छन्,

(ख) महिलाहरूको स्वपहिचानको अभावका कारण महिलाहरु नागरिकता लगायतका अन्य आवश्यक पहिचान कागजातको अभाव, सम्पत्ति अधिकारमा नियन्त्रणका कारण भूमि स्वामित्व, ऋण र अन्य प्रकारका वित्तीय क्रेडिट, बैंक खाता र वित्तीय सेवामा सीमित पहुँच रहेको छ,

**४५) समिति राज्य पक्षलाई निम्न सिफारिस गर्दछ,**

(क) सामाजिक सुरक्षाको लागि राष्ट्रिय रणनीतिमा लैङ्गिकतालाई मुख्यधारामा ल्याएर महिलाहरुको गरिबीको समस्या सम्बोधन गर्ने र महिलाहरू, विशेष गरी पछाडि पारिएका समूहका व्यक्तिहरूलाई राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नवीकरणमा समान रूपमा सहभागी गराउने र पर्याप्त सामाजिक तथा आर्थिक लाभ, आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षा योजनाहरूमा पहुँच सुनिश्चित गर्न,

ख) महिलाहरुको आर्थिक शसक्तिकरणका लागि लैङ्गिक पूर्वाग्रही धारणा र अवरोधहरूलाई सम्बोधन गर्दै महिलाहरूलाई जग्गाको स्वामित्व, धितो बिना कम ब्याजदरमा ऋण र अन्य प्रकारका वित्तीय ऋणमा पुरुषहरू सरह समान पहुँच सुनिश्चित गर्न, व्यापारिक सञ्जाल र स्रोतहरू, उद्यमशीलता अवसरहरू र सूचना तथा सञ्चार प्रविधिहरूमा उनीहरूको पहुँच विस्तार गर्न, जसले गर्दा उनीहरू आफ्ना सामान र उत्पादनहरूको सम्बन्धमा ई-वाणिज्य र सीमापार व्यापारमा संलग्न हुन सकून्,

**ग्रामीण, आदिवासी र दलित महिला**

४६) समिति नोट गर्दछ कि राज्य पक्षको ७४ प्रतिशत महिला कृषि क्षेत्रमा कार्यरत छन्, आदिवासी महिलाहरू राज्य पक्षको महिला जनसंख्याको ३६ प्रतिशत र १५ प्रतिशत नेपाली महिलाहरू दलित हुन्, तथापि, नीति निर्माण, निर्णय-निर्माण, भूमि स्वामित्व प्रायः पुरुषहरूको नियन्त्रणमा रहेको विशेष चिन्ता व्यक्त गर्दै निम्न सरोकारहरु राख्दछ,

(क) संविधानमा आदिवासी महिलाहरूको सामुहिक आत्म निर्णयको अधिकार सहित उनीहरुको स्वपहिचानको अधिकारको अभाव,

(ख) ग्रामीण र आदिवासी महिलाहरूको शिक्षा, रोजगार, स्वास्थ्य सेवा, वित्तीय क्रेडिट र आधुनिक कृषि प्रविधिहरूमा सीमित पहुँच, र निर्णय-निर्माण र नेतृत्व पदहरूमा उनीहरूको कम प्रतिनिधित्व;

(ग) विदेशी लगानीकर्ताहरू र निजी क्षेत्रका संस्थाहरूले आदिवासी भूमि र तिनीहरूको प्राकृतिक स्रोतहरू प्रयोग गर्दै आएका छन् यद्यपि ग्रामीण र आदिवासी महिलासँग ठूला परियोजनाहरू जस्तै पर्यटन, कृषि-औद्योगिक र निर्माण परियोजनाहरूमा परामर्शको अभाव रहेको, साथै ग्रामीण र आदिवासी महिलामाथि प्राकृतिक प्रकोप, कृषिको क्षति, खाद्य असुरक्षा लगायत जलवायु परिवर्तनको प्रतिकूल प्रभाव,

(घ) दलित महिलाहरू र बालिकाहरुलाई जात र लिंगको आधारमा भेदभाव, यौन उत्पीडन र लिंगमा आधारित हिंसा, शिक्षा, रोजगार, स्वास्थ्य सेवा, आर्थिक र सामाजिक लाभहरूको पहुँच तथा निर्णय प्रक्रियामा सहभागिताको अभाव,

४७) समिति यसको सामान्य सिफारिस नं. ३४ (२०१६) ग्रामीण महिलाहरूको अधिकारहरू, नं. ३७ (२०१८) जलवायु परिवर्तनको सन्दर्भमा विपद् जोखिम न्यूनीकरणको लिंगसँग सम्बन्धित आयाम र नं. ३९ (२०२२) आदिवासी महिला र बालिकाहरुको अधिकारहरूलाई सम्झाउँदै राज्य पक्षलाई सिफारिस गर्दछः

(क) संयुक्त राष्ट्रसघको आदवासी जनजातीहरुको अधिकार सम्बन्धी घोषणापत्रमा मेल खाने गरी संविधानलाई संशोधन गरी आदिवासी महिलाहरूको स्वनिर्णयको अधिकार सहित स्व पहिचानको अधिकार सुनिश्चित गर्नुपर्ने,

(ख) ग्रामीण तथा आदिवासी महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्य सेवा लगायत स्वास्थ्य सेवामा पहुँच प्रवर्द्धन गर्न तथा निर्णय लिने क्षमता; नेतृत्व पदहरू; शिक्षा; औपचारिक रोजगारी; सामाजिक सुरक्षा; आवास, पर्याप्त पानी र सरसफाइ; र आधुनिक कृषि प्रविधिहरू, ग्रामीण क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गर्ने प्रयासहरूलाई तीव्र बनाउने साथै खाद्य संकलन प्रविधि, संरक्षण, भण्डारण, प्रशोधन, प्याकेजिङ, बजारीकरण र उद्यमशीलतामा विकासमा जोड दिने,

(ग) आदिवासी भूमि र प्राकृतिक स्रोतहरूमा लगानी र अन्य आर्थिक गतिविधिहरू, जस्तै जंगल कटान, पर्यटन, खानी र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका कार्यक्रमहरू केवल आदिवासी महिलाहरूको सहभागिता र स्वतन्त्र, पूर्वसूचित र सँगै स्वीकृत निर्णयको पूर्ण सम्मानसँगै लागू गर्न,

(घ) दलित महिलाहरूको प्रतिनिधित्व विशेष गरी नीति निर्माण निकायहरूमा, संविधानिक निकायहरू, विदेश सेवा र सार्वजनिक सेवा लगायतका सरकारी सबै तहहरूमा बढाउने, दलित महिलाहरूको विरुद्ध जातीय भेदभाव र अपमानका घटनाहरूको अनुगमन र अनुसन्धान गर्ने तथा दलित महिलाहरूको बिरुद्ध हुने हिंसा तथा विभेदमा शून्य सहिष्णुता नीति लागू गर्ने,

**अपाङ्गता भएका महिला तथा बालिकाहरु**

४८) समितिले समावेशी स्वास्थ्यसेवा निर्देशिका (२०७६) अपनाएकोमा प्रशंसा व्यक्त गर्दछ, यद्यपि अपाङ्गता भएका महिला र बालिकाहरुले अझैपनि राज्य पक्षबाट भेदभाव, कलंक र विभिन्न स्वरुपमा लैङ्गिक हिंसाको सामना गर्दै आएको र शिक्षा, स्वास्थ्य, रोजगारी तथा न्यायमा सहज पहुँचमा विभिन्न अवरोधहरुको सामना गर्नुपरेको तथा उनीहरूलाई राजनीतिक र सार्वजनिक जीवनबाट बहिष्कृत गरिएकोमा चिन्ता व्यक्त गर्दछ, साथै अपाङ्गता भएका महिला र बालिकाहरुले उनीहरूको स्वतन्त्र र सुसूचित सहमति बिना शारीरिक परीक्षण, उपचार र जबरजस्ती औषधी सेवन गर्न लगाइएका लगायतका विषयहरुमा पनि सरोकार राख्दछ,

४९) समितिको सामान्य सिफारिस नं. १८ (१९९१) अपाङ्ग महिलाहरूका बारेमा र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको समितिको सिफारिस २०१८ (CRPD/C/NPL/CO/१) को सन्देशलाई ध्यानमा राख्दै अपाङ्गता भएका महिला र बालिकाहरुको न्याय, समावेशी शिक्षा, रोजगार र यौन तथा प्रजनन् स्वास्थ्य सेवामा सहज पहुँच, उनीहरुको सूसुचित सहमति विना कुनै पनि स्वास्थ्य परीक्षण, उपचार प्रक्रिया नगर्न,

**जलवायु परिवर्तन र प्राकृतिक विपत्ति तथा जोखिम न्यूनीकरण**

५०) समितिले राज्य पक्ष जलवायु परिवर्तनबाट गम्भीर रूपमा प्रभावित भएको कुरा उल्लेख गरेको छ । यसले राज्य पक्षले २०१८ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को स्थापना गरेको, साथै जलवायु परिवर्तन अनुकूलनलाई विद्यमान नीति, रणनीति र योजनाहरूमा एकीकृत गर्न लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्य योजना र राष्ट्रिय अनुकूलन योजना अपनाएकोमा प्रशंसा गरेको छ, महिलाहरू, विशेष गरी ग्रामीण महिला, आदिवासी, आप्रवासी, अपाङ्गता भएका महिलाहरू र गरिबीको रेखामुनी रहेका महिलाहरू प्राय खुला क्षेत्रमा बसोवास गर्ने भएका कारण उनीहरु जलवायु परिवर्तन, पहिरो, बाढी र जैविक विविधताको क्षतिबाट असमान रूपमा प्रभावित हुन्छन्, तसर्थ उनीहरूको जलवायु परिवर्तनको सामना गर्न सक्ने आवश्यक सहयोगी संयन्त्रहरुको अभाव रहेकोमा भने सरोकार व्यक्त गर्दछ,

५१) समितिले जलवायु परिवर्तनको सन्दर्भमा विपद् जोखिम न्यूनीकरणका लागि लैङ्गिक-सम्बन्धित आयामहरूमा आफ्नो सामान्य सिफारिस नम्बर ३७ (२०१८) अनुरूप, महिला विशेष गरी ग्रामीण महिलाहरूमाथि जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई ध्यानमा राख्न, विपद प्रतिक्रियामा महिलाहरूको समान प्रतिनिधित्व सुनिश्चित गर्न तथा विपद जोखिम न्यूनीकरणको लागि विकास भएका नीति तथा कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्न राज्य पक्षलाई सिफारिस गर्दछ ।

क) महिला तथा बालिकाहरूमा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको प्रभाव सम्बन्धी खण्डित तथ्याङ्क सङ्कलन गर्न,

(ख) लैंगिक समानता, अपांगता र सामाजिक समावेशी रणनीतिक कार्य योजनाको कार्यान्वयनलाई सुदृढ गर्न र जलवायु परिवर्तन र विपत्ति तथा जोखिम न्यूनीकरणका लागि कानूनी, नीतिगत, वित्तीय र कार्यक्रमहरूमा लैंगिक दृष्टिकोण समावेश गरेर महिलाहरू र बालिकाहरुलाई जलवायु परिवर्तनसँग जुध्ने क्षमता र प्रभावकारी अनुकूलन निर्माण गर्न;

(ग) समुदायका महिला विशेष गरी ग्रामीण महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरुमा जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन साक्षरता र सचेतना जगाउने र उनीहरुको शसक्तिकरण गर्दै उनीहरूलाई आफ्नो अधिकारको माग गर्न र जलवायु परिवर्तनसँग सम्बन्धित निर्णय लिने र जलवायु परिवर्तनको प्रभावप्रति महिला र बालिकाहरूको प्रतिरोध क्षमता निर्माण गर्न तथा अनुकूलन रणनीति निर्माण गर्न,

(घ) २०२२ मा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघको रूपरेखा महासन्धिका पक्षराष्ट्रहरूको सम्मेलनको सत्ताईसौं सत्रमा निर्णय गरिए अनुसार, वातावरणीय क्षति र क्षतिको प्रतिक्रिया दिन नयाँ कोष व्यवस्थाको सिर्जना र सञ्चालनमा महिलाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न,

**विवाह र पारिवारिक सम्बन्ध**

५२) समितिले चिन्ता व्यक्त गरेको छ कि:

(क) देवानी संहिता को धारा ७९ अनुसार विवाहको न्यूनतम उमेर २० वर्षको निर्धारण गरिएको भए पनि, १८ बर्ष भन्दा कम उमेरमा ३३ प्रतिशत बालिकाहरुले विवाह गर्छन्, र नाबालिकाहरूलाई विवाह गर्दा आपराधिक कारवाहीको सामना गर्नु पर्छ;

(ख) देवानी संहिता धारा ७४(१) जबरजस्ती विवाहलाई राज्यले उल्लेख गरेको छ, यदि महिलाले बच्चा जन्माएमा उनीहरुको विवाह स्वतः रुपमा भएको मानिन्छ, यो प्रावधान २०१८ को संशोधन ऐनसँग बाझिएको छ, जसले यदि पुरुष पहिले नै विवाहित छ भने स्वतः विवाहको व्यवस्थालाई रोकथाम गर्दछ;

(ग) एकपक्षीय तलाक (तलाक) र दाइजोको अभ्यासलाई प्रतिबन्धित गरिएको छ, यद्यपि यी हानिकारक अभ्यासहरू अझै जारी छन् र साथै यदि आमाले पुनः विवाह गरेमा बच्चाहरूलाई मातृ संरक्षणबाट हटाइने कुरमा सरोकार राख्दछ,

(घ) छोरी र पत्नीसँग समान उत्तराधिकार अधिकारहरूको कानूनी प्रावधान छ, परम्परागत अभ्यास र सामाजिक दबावले विशेष गरी विधवा, एकल आमा र अपांगता भएका महिलाहरूलाई उनीहरु परिवारको उत्तराधिकारी दावी गर्नबाट रोक्छ,

(ङ) सर्वोच्च अदालतको अन्तरिम आदेश पछि राज्य पक्षबाट एक नगरपालिकामा उदाहरण रहेको भएतापनि, "अन्य" को रूपमा पहिचान गरिएका व्यक्तिहरूसँग सम्बन्धित समलिङ्गी विवाहलाई मान्यता दिन देवानी संहिताको धारा ६७ संशोधन गर्न असफल रहेकोमा,

(च) विवाह पछि महिलाहरूले आफ्नो पारिवारिक नाम र ठेगाना गुमाउनुपर्ने अवस्था,

५३) विवाह र पारिवारिक सम्बन्धमा समानता सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर २१ (१९९४) र विवाह, पारिवारिक सम्बन्ध र तिनीहरूको विघटनको आर्थिक परिणाम सम्बन्धी यसको सामान्य सिफारिस नम्बर २९ (२०१३), र महिला विरुद्धको भेदभाव उन्मूलन समितिको संयुक्त सामान्य सिफारिस नम्बर ३१/हानिकारक अभ्यासहरू सम्बन्धी बाल अधिकार सम्बन्धी समितिको सामान्य टिप्पणी नम्बर १८ (२०१९) लाई सम्झँदै, समितिले राज्य पक्षलाई सिफारिस गर्दछः

(क) बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति (२०७२) लाई २०३० सम्ममा बालविवाह अन्त्य गर्ने राष्ट्रिय कार्ययोजनासँग मेल खाने गरी पुनरावलोकन गर्न, बालअधिकार महासन्धीले परिभाषा गरेबमोजिम बालक र बालिका दुवैको हकमा विवाहको न्यूनतम उमेरलाई १८ वर्षका लागि निर्धारण गर्न, विवाहको लागि सहमति, विवाहको लागि न्यूनतम उमेर र विवाह दर्ता सम्बन्धी १९६२ को महासन्धिमा सहमति जनाउने, र कम उमेरको विवाहको लागि नाबालिगहरूलाई अपराधीकरण गर्ने कार्य तुरुन्त बन्द गर्न,

(ख) बलात्कार पश्चात सोही व्यक्तिसंग गरिने विवाह र बहुविवाहलाई रोक्नका लागि विवाह प्रावधान र विवाहको जिम्मेवारीलाई रद्द गर्न;

(ख) राज्यद्वारा जबरजस्ती विवाह र बहुविवाह रोक्न स्वतः विवाह सम्बन्धी प्रावधानहरू खारेज गर्ने र वैवाहिक स्थितिलाई ध्यान नदिई पिताको रूपमा पुरुषहरूको जिम्मेवारी सुनिश्चित गर्न कानून अपनाउने;

(ग विवाह र सम्बन्ध विच्छेदमा महिलाको समान अधिकार सुनिश्चित गर्न, पारिवारिक सम्पत्ति विभाजनमा समानता सहित पारिवारिक सम्बन्ध विच्छेद गर्ने समान आधार गर्न र जबरजस्ती सम्बन्ध विच्छेद र दाइजो निषेधलाई प्रभावकारी रूपमा लागू गर्न र यी अभ्यासहरू नागरिक समाजहरुसंग्को समन्वय र सहकार्यमा हामिकारक परम्परागत अभ्यास विरुद्ध सचेतनामूलक गतिविधिहरु सञ्चालन गर्न,

(घ) बच्चाको सर्वोत्तम हितलाई ध्यानमा राखेर हिरासत सम्बन्धी निर्णयहरू लिइएको र आमाले पुनर्विवाह गरेको कारणले मात्र बच्चाहरूलाई मातृ हिरासतबाट नहटाइएको सुनिश्चित गर्ने,

(ङ) उत्तराधिकारी सम्बन्धी कानुनी प्रावधानहरू लागू गर्न र महिला विशेष गरी विधवा, एकल आमा र अपाङ्गता भएका महिला र बालिकाहरु उत्तराधिकारी प्राप्त गर्नका लागि रहँदै आएको सबै व्यवहारिक अवरोधहरु हटाउने जसका लागि विभिन्न जागरुकताका अभियानहरु सञ्चालन गर्न साथै परम्परागत रुपमा न्यायिक निर्णय गर्दै आएका समुदायका व्यक्तिहरु, न्यायिक समितीहरु लगायतका लागि क्षमता अभिबृद्धि तालिमहरु सञ्चालन गर्न,

(च) देवानी संहिताको धारा ६७ संशोधन गर्दै ‘‘अन्य‘‘ को रूपमा पहिचान गरिएका व्यक्तिहरूसँग सम्बन्धित समलिङ्गी विवाह वा संघहरूलाई मान्यता दिन र एकल-लिङ्गी विवाहित जोडीहरूको अधिकार र कर्तव्यहरू समान गराउने,

(छ) विवाहित महिलाहरुले आफ्नो पारिवारिक नाम र ठेगाना राख्न सक्ने सुनिश्चित गर्न ।

**संविधानको धारा २०(१) को संशोधन**

५४. समितिले राज्य पक्षलाई समितिको बैठक बस्ने सम्बन्धी महासन्धिको धारा २० (१) मा गरिएको संशोधनलाई सकेसम्म चाँडो स्वीकार गर्न प्रोत्साहित गर्दछ ।

**बेइजिङ घोषणा र क्रियावली ढांचा**

५५. समितिले महिला र पुरुष बीचको वास्तविक समानता प्राप्त गर्न राज्य पक्षलाई बेइजिङ घोषणापत्र र कार्य प्लेटफर्म प्रयोग गर्न र महासन्धिमा समावेश अधिकारहरूको प्राप्तिको थप मूल्याङ्कन गर्न आह्वान गर्दछ ।

**समयमा नै वितरण**

५६) समितिले राज्य पक्षलाई यो निस्कर्षात्मक सुझावहरु (Concluding Observation) को समयमा नै राज्यपक्षको आधिकारिक भाषामा अनुवाद गरी विशेष गरी राज्यका सबै तहको सम्बन्धित निकायहरु सरकार, संसद र न्यायलयमा यसको पूर्ण कार्यान्वयनका लागि वितरण गर्ने,

**अर्को सम्झौतामा भागीदारी**

५७. समितिले नोट गरेको छ कि राज्य पक्षको नौ प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकार सम्झौतामा सम्मिलित हुनु महिला अधिकार र सबै क्षेत्रका जीवनका मूलभूत स्वतन्त्रतामा सुधार ल्याउनेछ । यसैले, समितिले राज्य पक्षलाई अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक र तिनीहरूको परिवारका सदस्यको अधिकारको संरक्षणको सन्धि र जबरजस्ती बेपत्ता पारिएका व्यक्तिहरूको संरक्षणको सन्धिमा राज्य पक्षले अहिले सम्म हस्ताक्षर गरेको छैन तसर्थ अनुमोदनका लागि सिफारिस गर्दछ,

**निस्कर्षात्मक सुझावहरुको अनुगमन**

५८. समितिले राज्य पक्षलाई २ वर्ष भित्र नागरिकता सम्बन्धी ३५ (ब) र ३५ (स) र विवाह र पारिवारिक सम्बन्ध सम्बन्धी ५३ (स) र ५३ (इ) मा उल्लिखित सिफारिसहरूको कार्यान्वयनको कदमहरूको लिखित जानकारी उपलब्ध गराउन अनुरोध गर्दछ ।

**अर्को प्रतिवेदनको तयारी**

५९. समितिले राज्य पक्षहरूको संयुक्त आठौं र नवौं आवधिक प्रतिवेदनहरूको अन्तिम मिति राज्य पक्षहरूद्वारा रिपोर्टिङको लागि भविष्यको स्पष्ट र नियमित तालिका **(see A/RES/79/165, para. 6)** अनुरूप र राज्य पक्षको स्पष्ट र नियमित तालिका अनुरुप स्थापित र सूचित गर्नेछ र राज्य पक्षले रिपोर्टिङ गर्नु अघि मुद्दाहरू र प्रश्नहरूको

सूची अपनाइएपछि, यदि लागू हुन्छ भने अर्को आवधिक प्रतिवेदनहरूले पेश गर्ने समयसम्मको सम्पूर्ण अवधिलाई समेट्नु पर्छ,

६०. समितिले राज्य पक्षलाई अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरू जसमा साझा कोर दस्तावेजहरु र सन्धि जनित विशिष्ट दस्तावेजहरु अन्तर्गत (**(see A/RES/79/165, para. 6)** उल्लेख गरिएका दिशानिर्देशहरू रिपोर्टिङमा पालना गर्न अनुरोध गर्दछ ।